आज मिति २०७६/०८/२३ गते सोमवारका दिन कोहलपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सन्जु कुमारी चौधरी ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपशिलको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो ।

<u>उपस्थिति</u>

| क.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | सन्जु कुमारी चौधरी | अध्यक्ष | |
| २. | गोपीलाल खनाल | सदस्य | |
| ३. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ४. | माधव रिजाल | सदस्य | |
| ५. | तिरथराम थारु | सदस्य | |
| ६. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ७. | रामशरन थारु | सदस्य | |
| ८. | दिपकजंग शाह | सदस्य | |
| ९. | रेशम बहादुर खत्री | सदस्य | |
| १०. | ठाकुर प्रसाद थारु | सदस्य | |
| ११. | भिम बहादुर चलाउने | सदस्य | |
| १२. | कर्ण बहादुर थापा | सदस्य | |
| १३. | कृष्ण बहादुर खड्का | सदस्य | |
| १४. | ओम प्रकाश वली | सदस्य | |
| १५. | टेकचन हरिचन | सदस्य | |
| १६. | पतीराम थारु | सदस्य | |
| १७. | लीला कुमारी पाण्डे | सदस्य | |
| १८. | नारायणी वली | सदस्य | |
| १९. | गीता सुनार | सदस्य | |
| २०. | कल्पना शर्मा | सदस्य | |
| २१. | शान्ति सुनार्नी | सदस्य | |
| २२. | दयाराम वि.क. | सदस्य | |
| २३. | भिम बहादुर नेपाली | सदस्य | |
| २४. | डिल बहादुर परियार | सदस्य | |
| २५. | कर्ण बहादुर थापा | स. सचिव | |
| २६. | प्रदिप कुमार रावत | सहयोगी कर्मचारी | |

२७. राजेन्द्र टाटा को.ते.

प्रस्ताव तथा निर्णयहरु

निर्णय नं. १

मिति २०७६/०८/२२ गतेका दिन कोहलपुर नगरपालिका वडा नं. १० स्थित श्री त्रिभुवन माध्यमिक विद्यालय अगाडी गाडी दुर्घटनामा सोही विद्यालयमा अध्ययनरत सख्त घाइते तथा विरामी अवस्थामा कोहलपुर शिक्षण अस्पताल कोहलपुर तथा काठमाण्डौ उपत्यकाका अस्पतालहरुमा उपचार गराइरहनु भएका विरामीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरीयो। साथै आगामी दिनमा यस्ता दुर्घटना न्यूनिकरण गर्नलाई स्थानीय सरकारले सम्पूर्ण उपायहरु अवलम्बन गर्ने र घाइते तथा उपचार रथ विरामीहरुलाई उपचारमा लाग्ने आर्थिक रकम संघीय सरकार गृहमन्त्रालयमा माग गर्ने निर्णय समेत गरीयो। हाल आकस्मिक उपचार सहयोगका लागि स्थानीय सरकार कोहलपुर नगरपालिकाबाट प्रतिवद्धताको जाहेरी पत्र समेत उपलब्ध गराइएको व्यहोरा यसै निर्णय बाट जानकारी गराइयो।

निर्णय नं. २

त्रिभुवन मा. वि. अगाडि घट्न गएको दुःखद घटनामा सख्त घाइते भइ उपचारमा रहनु भएकी विद्यार्थी श्री प्रकृती चन्द तथा भिड नियन्त्रणमा ढुङ्गा मुढा भइ घाइते रहनु भएका र हाल काठमाण्डौ तथा लर्डबुद्ध एजुकेशन एकेडेमी (शिक्षण अस्पताल) कोहलपुरमा उपचारमा रहनु भएका विरामी, घाइतेहरु प्रति शिघ्र स्वास्थ्य लाभ व्यक्त गर्न र अध्ययनरत विद्यार्थीहरुमा अध्ययनको राम्रो वातावरण कायम राख्न विद्यालय शान्ति क्षेत्र कायम गराउनका लागि तथा घाइते, सख्त विरामीलाई स्थानीय सरकार कोहलपुर नगरपालिकाले तत्कालका लागि आर्थिक सहयोग स्वरुप रु २,००,०००। (दुइ लाख ) रकम उपचारका लागि उपलब्ध गराउने समेत निर्णयका साथ शिघ्र स्वास्थ्य लाभ तथा अनुकुल वातावरण श्रजना गर्न प्रेस विज्ञप्ती जारी गर्ने निर्णय गरीयो।

निर्णय नं. ३

मिति २०७६/०८/२२ गते त्रि.मा.वि. अगाडी भएको दुःखद घटनामा संलग्न तत्वलाई कारबाहीका लागि निश्पक्ष छानविन आयोग गठन गरी दोषि माथी कारबाही गर्न र निर्दोशलाई न्याय उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा माग गर्ने र शान्ति क्षेत्र विद्यालय भित्र गएर विद्यार्थी माथी कारवाही गर्ने कार्य निन्दनिय भएकाले त्यस्तो व्यवहार प्रति खेद प्रकट गर्ने समेत निर्णय गरियो।

निर्णय नं. ४

कोहलपुर क्षेत्रमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्नका लागि राजनितिक दल, मानव अधिकार, नागरिक समाज उद्योगी व्यापारी, विद्यार्थी तथा शिक्षक संघ संगठन, अभिभावक, विद्यालय व्यवस्थापन समिति लगायत पत्रकार जगत र कोहलपुर क्षेत्रका जनता समेत सबैले शान्ति अमन चयन कायम गराइ जनजीवन सुचारु गराउने कार्यमा सहयोग गर्न समेत हार्दिक अनुरोध गर्ने र विशेष परिस्थितिको सहजिकरणका लागि कार्यवाहक नगर प्रमुख श्री सन्जु कुमारी चौधरी ज्यू को संयोजकत्वमा वडा अध्यक्ष श्री निरज चलाउने, कार्यपालिका सदस्य श्री डिल बहादुर परियार, श्रीमती नारायणी वली तथा वडा नं. ११ का वडा अध्यक्ष श्री कर्ण बहादुर थापा समेत सदस्य रहेको सहजिकरण समिति तोकिएको निर्णय गरियो।